# रत्ननगर नगरपालिका कार्यालय

## रत्ननगर, चितवन

## आ.व. २०७०/०७१ को वार्षिक समिक्षा कार्यक्रम





**"ब्यबसायीक कृषि पर्यटकिय शहर, स्वच्छ समृद्ध हाम्रो रत्तनगर"**

रत्ननगर नगरपालिका
को आ. व. २०७०/७१ को
वार्षिक प्रगति समिक्षा



मिति २०७०/५/२३
रत्ननगर नगरपालिका कार्यालय

### परिचय

क) वडा संख्या : १३

ख) क्षेत्रफल : ३६.२९ वर्ग कि.मी

ग) जनसंख्या : ४६,३६७ (बृद्धिदर २.१)

घ) घरधुरी : १०,८५१, टो.बि.स. १९३

ङ) विशेषता : पर्यटकीय, जैबिक बिविधताले सम्पन्न र ऐतिहासिक महत्व भएको

### आर्थिक प्रतिवेदनको एक झलक आय व्ययको स्थिति

आ. व. २०७०/७१ को मुख्य आय स्रोत रु हजारमा

| | |
|---|---|
| कुल अनुमानित आय | ८७३९५ |
| कुल यथार्थ आय | ८७५०० |




| | आन्तरिक स्रोत | शशर्त अनुदान | निशर्त अनुदान | राजस्व बाडफाड | अन्य |
|---|---|---|---|---|---|
| अनुमानित | २२,४१० | १६,५०० | ४१,०३५ | ६,००० | ६,८५० |
| बास्तबिक | १५२४७ | २१२२३ | ३०,८४० | ५९२ | १९५९७ |













## भौतिक निर्माण योजना तर्फ

| | | | भौतिक | | | बित्तिय | | |
|---|---|---|---|---|---|---|---|---|
| क.सं. | योजनाको किसिम | योजना संख्या | ईकाइ | लक्ष्य | प्रगति | कूल बजेट | यथार्थ खर्च | कैफियत |
| १ | कालोपत्रे सडक निर्माण | ११ | मी. | | ८९१७ | ३१३४६ | १४३६० | |
| २ | सडक उच्चस्तर ग्रावेल योजना | ३ | मी. | | ३५५० | ९२३ | ६९५ | |
| ३ | कालोपत्रे सडक मर्मत योजना | ३ | मी. | | ५५०० | ६४२८ | ३७०० | |
| ४ | मोटरेवल पूल | १ | मी. | | ३५ | ७५० | ३३५ | |
| ५ | झोलुगे पूल निर्माण | २ | मी. | ७५ | ७५ | ९५७२ | १२३ | |
| ६ | हेम पाइप कलभर्ट विस्तार | ५१ | वटा | ५१ | ५१ | १२५० | १२५० | |
| ७ | सिंचाई | २ | मी. | | १६२५ | १०३० | ६५० | |
| ८ | नदि नियन्त्रण | १ | मी. | | १३०० | २०० | १५० | |
| ९ | खानेपानी विस्तार | २ | मी. | ३००० | ० | ७०० | ० | |
| १० | सरसफाई | ३ | मी. | | १४०० | ५६६४ | १७५० | |

| | | | भौतिक | | | बित्तिय | | |
|---|---|---|---|---|---|---|---|---|
| क.सं. | योजनाको किसिम | योजना संख्या | ईकाइ | लक्ष्य | प्रगति | कूल बजेट | यथार्थ खर्च | कैफियत |
| ११ | फोहर व्यवस्थापन गर्ने मेसिनरी खरिद | २ | वटा | २ | २ | ५००० | ४४०० | |
| १२ | वन तथा वातावरण | २ | वटा | २ | २ | ३९५० | ३१५९ | |
| १३ | भवन निर्माण योजना | ३ | वटा | ३ | ३ | ६१०० | १४०० | |
| १४ | वडास्तरीय योजना | १३ | वटा | १३ | १३ | २६०० | २२०० | |
| १५ | सडक बत्ति व्यवस्थापन | | | | | ५०० | ५०० | |
| १६ | विद्युत् लाईन विस्तार | | | | | २०० | २०० | |
| १७ | विविध आकस्मिक योजना | | | | | ८५० | १४८९ | |
| १८ | सामाजिक विकास कार्यक्रम | २० | वटा | २० | २० | ५३०० | ४००० | Cflg सहित २२७६ |
| | | | | | | | | |

## प्रशासन तर्फ




## बैठक तथा कार्यक्रम तर्फ

- नगर परिषद : १
- बोर्ड बैठक : ४४
- वडा भेला संख्या : १३
- कर्मचारी मासिक बैठक : १२
- समन्वयात्मक बैठक : २७ (बिभिन्न बिषयमा राजनैतिक दल एवं सरोकारवाला संग)

## सामाजिक परिचालन कार्यक्रम तर्फ

- सामाजिक परिचालन लागु भएका वडाहरु ५, ७, १० र १२
- वडा नागरिक मञ्च संङ्ख्या ४ वटा
- नागरिक सचेतना केन्द्र स्थापना ४ वटा
- स्रोत नक्साङ्कन, गरीबी नक्साङ्कन गरिएका वडाहरु ४ वटा

## सामाजिक परिचालन तर्फ

वडा नागरिक मञ्चको संख्या ४
वडा नागरिक मङचका जम्मा सदस्य १००
महिला ४५
पुरुष ५५

नागरिक सचेतना संख्या ४
नासकेका जम्मा सहभागि १३२
महिला ११५
पुरुष १७




## व्यक्तिगत घटना दर्तातर्फ ३१०९ मध्ये




## व्यक्तिगत घटना दर्तातर्फ



## सामाजिक सुरक्षा कार्यक्रमतर्फ २६२३ जना मध्ये




| | जेष्ठ नागरिक दलित | जेष्ठ नागरिक अन्य | एकल महिला, विधुवा | पूर्ण असक्त अपागंता भएका व्यक्ति | आशिंक असक्त अपागंता भएका व्यक्ति | बालबालिका |
|---|---|---|---|---|---|---|
| महिला | ६६ | ५४२ | १००७ | ११ | ७ | ३७ |
| पुरुष | ६९ | ७९६ | ० | २२ | ३ | ६३ |

## घर नक्शापास तर्फ




| | वडा नं १ | वडा नं २ | वडा नं ३ | वडा नं ४ | वडा नं ५ | वडा नं ६ | वडा नं ७ | वडा नं ८ | वडा नं ९ | वडा नं १० | वडा नं ११ | वडा नं १२ | वडा नं १३ |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| घर नक्शापास | ५३ | ३८ | ३९ | ३३ | २९ | ९ | १६ | ७६ | १७ | १४ | २९ | ४३ | २८ |

## राजश्व तर्फ

**राजश्व परिचालन सम्बन्धि नितीहरु :**

क) सार्वजनिक निजी साझेदारी अवधारणा बमोजिम(एएए) स्थानीय उद्योग वाणीज्य संघ, टो.वि.स. र अन्य संघ–संस्थासंग कर अशुलीको सहकार्य ।

ख) व्यवसाय कर अशुलीको लागि व्यवसाय कर घरदैलौ टोलि निर्माण ।

ग) कर, दस्तुरहरुको बारेमा जानकारी गराउन पोष्टर, पम्प्लेटिङ्ग र विभिन्न संचार माध्यमहरुबाट जानकारी ।

घ) घर बहाल र अन्य करहरु आन्तरीक राजश्व कार्यालयसंग सहकार्य गरि कर अशुली कार्यमा गृहकार्य ।

ङ) विज्ञापन करलाई वार्षिक रुपमा ठेक्का प्रथाद्वारा विज्ञापन कर अशुलीको लागि निजि संस्थालाई दिईएको छ भने सरसफाई शुल्क पनि निजी संस्थालाई दिने नीति तय गरिएको छ ।

च) वातावरण प्रदुषण रहित ई.रिक्सा नगरका विभिन्न स्थानमा सरल तरिकाकाले पुग्नका लागि रिक्सा संचालन । जसले गर्दा न.पा. को आन्तरिक आम्दानिमा टेवा पुग्ने ।

छ) न.पा. द्वारा निर्मित कभधभचबनभ कथकतभ ढललाई व्यवस्थित तरिकाले संचालनका जारि जसबाट न.पा. लाई नियमित रुपमा राम्रा आम्दानि हुने ।

उल्लेखित कुराहरु हुंदाहुँदै पनि बढ्दो शहरीकरण, जनसंख्याको आदिले गर्दा नगरवासीहरुका माग र चाहनालाई पुरा गर्न न.पा.ले आन्तरिक आयलाई गुणात्मक रुपमा बढाउनु पर्ने देखिन्छ अन्यथा निकट भविष्यमा आन्तरिक आय अपाङ्ग हुने निश्चित छ । यसलाई मध्यनजर गर्दै न.पा. र सम्बन्धित सरोकारवाला सबैको ध्यान यसतर्फ जानुपर्ने देखिन्छ ।

## राजश्व तर्फ

साविक देवौली र पंचकन्या गा.वि.स लाई मिलाएर २०५४ सालमा घोषणा भएको यस न.पा.को बढ्दो जनसंख्या, बसाईसराई र शहरीकरणले न.पा.को जनघनत्व तिव्र गतिमा बढीरहेको छ । न.पा. घोषणा हुनु भन्दा अगाडी करीब सम्पूर्ण वडाहरु ग्रामीण अवस्थामा थिए । पूर्व पश्चिम राजमार्गले २( दुई) चिरा पारेको यस नगरपालिकाको बजारको तिव्र विकासको क्रममा टांडी, बकुलहर, सौराहा चोक, जयमंगला, भानुचोक–कृष्णमन्दिर आदि विभिन्न स्थानहरुमा भिन्न भिन्न प्रकृतीका व्यापार, व्यवसायीहरु केन्द्रीकृत हुदै आएको छ भने विभिन्न उद्योग व्यापार, व्यवसाय फस्टाउने क्रममा कृषि तथा पशुपालन क्षेत्रमा व्यवसायीकरण हुदै गईरहेको छ । बजारलाई व्यवस्थित गर्न राजमार्ग छेउ छाउमा रहेका फलफुल, तरकारी तथा अन्य स–साना फुटपाथे व्यवसायीहरुलाई न.पा.द्वारा निर्मित तरकारी बजारमा स्थानान्तरण गरिएको छ । प्रमुख व्यापारीक केन्द्र बकुलहर, टांडी र अन्य बजार क्षेत्रलाई व्यवस्थित गरेको खण्डमा न.पा. ले व्यवसायीहरुबाट लक्ष्य गरे भन्दा कर एवं करको दायरा बृद्धि गर्न सकिने हुनाले स्थानीय स्वायत्त शासन ऐन, नियम बमोजिम नगरवासीहरुले तिरेको कर प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा नगरवासीहरुकै घरदैलोमा विकास निर्माण सम्बन्धि गतिविधिहरु पु–याउन हरेक वर्ष स्पष्ट रुपमा राजश्व परिचालन सम्बन्धि नितीगत व्यवस्थाहरु गर्दै आएको छ । सिमित श्रोत र साधनले नगरवासीहरुको माग र चाहनालाई सम्बोधन गर्न चुनौती नै देखिन्छ ।

## राजश्व तर्फ

**चुनौतिहरु :**

१. न. पा. आयको मुख्य श्रोतको रुपमा रहेको एकीकृत सम्पत्ति करको मुल्याङ्कनलाई समय सापेक्ष बढाउनुपर्ने देखिन्छ ।

२. न.पा.ले सार्वजनिक निर्माण गर्दा भविष्यमा नियमित आम्दानि हुने खालको योजनाहरु प्राथमिकता दिनुपर्ने देखिन्छ । जस्तै : सपिङ्ग कम्प्लेक्स, बसपार्क, सार्वजनिक पार्क, जुन हालसम्म कुनैपनि एउटा योजना निर्माण तथा संचालन हुन सकेको छैन । यस तर्फ सबैको ध्यान जानु जरुरी देखिन्छ ।

३. नेपालको तेश्रो गन्तव्य स्थान सौराहा छीमेकी भएकोले पर्यटनसंग सम्बन्धित कार्यहरु जस्तै: होम स्टे, पर्यटकीय सुचना केन्द्र, सांस्कृतिक घर निर्माण एवं न.पा. क्षेत्र भित्र रहेका सामुदायिक वनसंगको सहकार्यमा पर्यटन शुल्कको विषयमा नितीहरु तय गर्नुपर्नेछ । जसबाट न.पा.ले मनग्य आम्दानि लिन सक्नेछ ।

यसै सन्दर्भमा रत्ननगर उ.वा. संघ, विभिन्न टोल विकाससंगको सहकार्यमा केही कर दस्तुरहरु उठाउदै आएको छ । भने अभियानकै रुपमा व्यवसाय कर अशुलीको लागि घरदैलो कार्याक्रम, विभिन्न न.पा.को सिमित आयश्रोतले नगरवासीहरुको माग र चाहनालाई सम्बोधन गर्न चुनौती नै देखिन्छ ।

## अन्य महत्वपूर्ण क्रियाकलापहरु

१. साक्षरता घोषणा
२. लैारीघोल नमुना बस्ती मा व्यबस्थीत बसोबास निर्माण
३.दमकल व्यबस्थापन
४.फोहर व्यबस्थापनका लागी टेक्टर तथा ब्याकु लोडर खरीद
५. तरकारी बजार ब्यबस्थापन तथा संचालन
६.नयां प्रशनसनिक भवन वनर्माण थालनी
७.होम स्टे सम्भाव्यता अध्ययन तथा संचालन
८.वडा सेवा केन्द्र निर्माण गरी कार्यालय संचालन
९.दुई स्थानमा झोलुङ्गे पुल निमाण थालनी
१०. ढल प्रसोधन केन्द्र सुधार तथा संचालन

## मुख्य समस्याहरु

- निर्वाचित जनप्रतिनिधीहरु नहुनु
- रजिसट्रेशन शुल्क बापत प्राप्त हुनुपर्ने रकम अत्यन्त न्युन मात्रामा प्राप्त हुनॅ
- प्रशासनिक खर्चको सीमा पालनामा कठीनाई
- केन्द्रिय स्तरमा माग गरी पठाइएका योजनाहरु लक्ष्य अनुरुप नपरेको
- टाउन हल, रंगशाला, पशु बधशालाको व्यबस्था भई नसकेको
- नगरको आन्तरिक आम्दानी न्यून हुनाले अन्य भौतिक निर्माणका योजनामा समपुरक कोषको अभाब
- नगरपालिकाको साधन श्रोत र आवश्यकतालाई विश्लेषण गरि केन्द्रिय श्रोतको व्यवस्था हुनॅ पर्नेमा MCPM मा आधारित शशर्त अनुदान प्रणालीले नियन्त्रित बजेट तर्जुमा गर्न बाध्यता
- सेनेटरी ल्याण्डफिल्ड साईडको ब्यबस्था नहुनु
- परीबर्तित समयआनुसार दक्ष जनशक्तिको कमी

यस रत्ननगर न. पा. बाट आ. व. २०७०।७१ को अवधिमा भए गरेका वित्तीय एवं भौतिक निर्माण तथा सामुदायिक विकास गतिविधीहरुको प्रगति समिक्षा गर्ने उद्धेश्यले आयोजित वार्षिक प्रगति समिक्षा कार्यक्रमको अध्यक्षता प्रमुख एवं कार्यकारी अधिकृत श्री नारायण प्रसाद पाण्डेबाट भै सो आ. व. मा भएका सम्पूर्ण वित्तिय, भौतिक तथा सामुदायिक विकास गतिविधीहरुको विवरण लेखा अधिकृत श्री सीताराम पोखरेलबाट प्रस्तुत गरियो ।

न. पा. को आ. व. २०७०।७१ को वार्षिक प्रगति समिक्षा कार्यक्रममा आमन्त्रण गरिएका राजनितिक दलका क्षेत्रिय पार्टी प्रतिनिधी एवं नगरस्तरका पार्टी प्रमुख एवं प्रतिनिधी, विभिन्न उच्च मा. वि., मा. वि. का प्राचार्य एवं व्यवस्थापन समितिका अध्यक्ष, सामाजिक संघ संस्थाका प्रमुखहरु, टोल विकास संस्थाका पदाधिकारी, वडा नागरिक मंच एवं नागरिक सचेतना केन्द्रका पदाधिकारी, आदिवासी जनजाति महासंघका प्रतिनिधी, थारु कल्याणकारी सभाका प्रतिनिधी, उद्योग वाणिज्य संघका प्रतिनिधी, महिला समुह तथा आमा समुहका प्रतिनिधी, संयुक्त दलित उत्पीडित समन्वय समितिका प्रतिनिधी, महिला स्वास्थ्य स्वयंसेविका प्रतिनिधी, न. पा. मा आवद्ध योजनास्तरका निर्माण उपभोक्ता समितिका पदाधिकारीहरु समेतका व्यक्तित्वहरुले न. पा. बाट प्रस्तुत वार्षिक प्रगति विवरण विषयमा व्यापक छलफल गरी आ-आफ्नो धारणा राखि न. पा. लाई निम्नानुसार सुझावहरु प्राप्त भयो । ११८ जना महानुभावहरुको उपस्थिती रहेको उक्त कार्यक्रम विहान ११:०० बजेदेखि शुरु भै दिनको ५:०० बजेसम्म संचालन भएको थियो भने १८ जनाले आफ्नो सुझावहरु राख्नु भएको थियो ।

<u>कार्यक्रमबाट प्राप्त सुझावहरुः</u>

**१. आन्तरिक व्यवस्थापन सम्बन्धि सुझावहरुः**

- सामाजिक विकासको वजेट रकम खर्च गर्दा परामर्शदाता मार्फत खर्च गर्नुपर्ने ।
- सेवाप्रदायक संस्था छनौट गर्दा निष्पक्षता हुनु पर्ने ।
- न. पा. स्थित सरकारी कार्यालयहरु बीच समन्वयात्मक बैठक बस्ने व्यवस्था मिलाउनु पर्ने ।
- भुक्तानी समयमा दिने व्यवस्था मिलाउनु पर्ने ।
- नगरको आन्तरिक आय बृद्धिमा पहल गर्नु पर्ने ।
- प्रशासनिक खर्चमा न्यूनिकरण गरिनु पर्ने ।
- घरजग्गा रजिष्ट्रेसन राजश्व बाँडफाँडमा न. पा. ले आवश्यक पहल गर्नुपर्ने ।
- न. पा. का. सवारी साधनहरु नियन्त्रित रुपमा संचालन गरिनुपर्ने ।
- न. पा. ले पर्यटन क्षेत्रलाई टेवा पुग्ने कार्यक्रमहरु संचालन गरी पर्यटन शुल्क अभिबृद्धि गर्नुपर्ने ।

**२. कृषि क्षेत्र सम्बन्धि सुझावहरुः**

- कृषि तथा पर्यटन विकास एवं विस्तारमा आवश्यक रणनीतीहरु अवलम्वन गरिनुपर्ने ।
- व्यवसायिक कृषक एवं पशुपालकहरु लाभान्वित हुने कृषि एवं पशु तालिम कार्यक्रमहरु संचालन गरिनु पर्ने ।
- कृषि तथा पशु विमा रकम प्रर्याप्त भएन यथेष्ट विनियोजन गरिनु पर्ने ।
- कृषकहरुलाई अर्गानिक खेतीतर्फ आकर्षित गर्न कृषि सचेतना तालिमहरु संचालन गरिनुपर्ने ।

**३. शिक्षा क्षेत्रसंग सम्बन्धित सुझावहरुः**

- शिक्षा क्षेत्रमा लगानी बढाउनु पर्ने ।
- शिक्षा क्षेत्रमा विकासको लागि रणनीति बनाउनु पर्ने ।

**४ सामुदायिक विकास सम्बन्धि सुझावहरुः**

- लक्षित समुदायका लागि योजनाहरु संचालनमा व्यापकता ल्याउनु पर्ने ।
- दलित एवं पिछडिएका वर्ग साथै जनजाति उत्थानका कार्यक्रमहरु संचालन गर्नुपर्ने ।
- बाल हिंसा तथा बालश्रम शोषण नियन्त्रण गर्न सचेतना कार्यक्रमहरु संचालन गर्नुपर्ने ।
- महिला तथा बालबालिकाको क्षमता विकासका कार्यक्रमहरु संचालन गर्नु पर्ने ।
- महिलाहरुका लागि आयमुलक तथा सीपमुलक तालिम कार्यक्रमहरु संचालन हुनु पर्ने ।

**५ भौतिक पूर्वाधार निर्माण सुधार सम्बन्धि सुझावहरु**

- हरित चक्रपथको नक्सांकन साथै निर्माण गरिनुपर्ने ।
- नगरपालिकाको चिनारी देखिने सीमा स्तम्भ निर्माण गरिनुपर्ने ।
- टिकौली देखि खोलाको किनारबाट सौराहा जाने बाटो निर्माण गर्नुपर्ने ।
- छनौट गरिएका योजनाहरु कार्यान्वयन हुनु पर्ने ।
- बकुलहर जयमंगला सडक भित्र कल्याणटोल जाने बाटो दुरसंचार रोड पुनः निर्माण गर्नु पर्ने ।
- खोला तटवन्धन कार्यमा सामुदायिक वनसंग सहकार्य गरि योजनाहरु संचालन गरिनुपर्ने ।
- न. पा. परिसरभित्र रहेको भवनलाई सभा हलमा पुनः निर्माणमा विनियोजन गरिएको रकम सदुपयोग गरिनुपर्ने ।
- फलफुल तथा तरकारी बजारमा आवश्यक भौतिक पूर्वाधार निर्माण गरिनुपर्ने ।
- फोर - लेन सडक निर्माण गरिनुपर्ने साथै सो बारे नगरवासीहरुलाई जानकारी गराईनुपर्ने ।
- न. पा. को सुरक्षा क्षेत्र विस्तार तथा भौतिक पूर्वाधार निर्माण गरिनुपर्ने ।
- सामाजिक कार्यको अनुगमन, सुपरिवेक्षण तथा मुल्यांकन र कार्यान्वयन हुनुपर्ने ।
- नगरमा बाटो, विधुत, टेलिफोन लगायतका सुविधाहरु व्यवस्थित गरिनुपर्ने ।
- विभिन्न स्थानहरुमा सडक पुन निर्माण तथा उच्च स्तरिय ग्रावेल गरी बाटो व्यवस्थित गरिनुपर्ने ।
- न. पा. भित्र रहेका खोलानालाबाट प्राप्त हुने ढुंगा, गिटी, बालुवा सरल रुपमा नगरवासीले पाउने व्यवस्थाको लागि सम्बन्धित निकायमा पहल गर्नुपर्ने ।

**६ स्वास्थ्य तथा वातावरण सम्बन्धि सुझावहरुः**

- बकुलहर चोक तथा टाँडी बजार चोकलाई व्यवस्थित गरिनुपर्ने ।
- भुस्याहा कुकुर नियन्त्रण गरिनु पर्ने ।
- सवारी साधनको उचित व्यवस्थापनको लागि बस स्टप तथा पार्किङ्गको व्यवस्था गरिनुपर्ने ।
- फोहोरमैला व्यवस्थापनका लागि ठोस रणनीति अपनाउनु पर्ने ।
- न. पा. फलफुल तथा तरकारी बजारलाई प्रवर्द्धन तथा थप व्यवस्थित बनाउनु पर्ने ।

**७ घर नक्सा तथा सार्वजनिक जग्गा संरक्षण सम्बन्धि सुझावहरुः**

- न. पा. क्षेत्रमा रहेको सार्वजनिक जग्गाको खोजी, संरक्षण तथा सदुपयोग गरिनुपर्ने ।
- नयाँ संरचना निर्माण गर्दा पुराना संरचना ध्वस्त पार्न नहुने । हाल बजार व्यवस्थापनको सन्दर्भमा टेलिफोनको वायर तथा पोल बारम्वार भत्काउने र उखेल्ने कार्यले गर्दा दुरसंचार अवरुद्ध भई समस्या भएकोले आगामी दिनमा यसतर्फ ध्यान दिनुपर्ने ।

निष्कर्षः

उपस्थित महानुभावहरुबाट प्राप्त भएको माथि उल्लेखित सुझाव तथा मागहरुको सम्बन्धमा नगर प्रमुख एवं कार्यकारी अधिकृत ज्यूबाट सुझाव तथा मागहरुलाई आगामी दिनमा नगरपालिकाको वार्षिक वजेट निती तथा कार्यक्रममा क्रमशः समायोजन गर्ने तथा नीतिगतरुपमा अवलम्वन गर्दै जाने प्रतिवद्धता जाहेर गरियो । विषयगत कार्यालयसंग सम्बन्धित (शिक्षा, स्वास्थ्य, सुरक्षा, विधुत, टेलिकम, राजमार्ग, घरजग्गा रजिष्ट्रेसन शुल्क, स्थानीय श्रोतको उपयोग) सुझावहरुका सम्बन्धमा सम्बन्धित निकायसंग समन्वय गरी कार्यान्वयनका लागि आवश्यक पहल गरिने र न. पा. को आफ्नो श्रोतबाट गर्न नसकिने विकाससंग सम्बन्धित कार्यक्रमहरु नेपाल सरकार विषयगत कार्यालय एवं अन्य सम्बन्धित निकायसंग माग गर्ने साथै न. पा. को आन्तरिक आय बृद्धिका लागि आवश्यक कार्यहरु संचालन गर्ने प्रतिवद्धता एवं निर्णय गर्दै आव. ०७०।७१ को वार्षिक समिक्षा कार्यक्रम सम्पन्न गरियो ।

मिति २०७१।०५।२३ गते सम्पन्न यस न. पा. को आ. व. २०७०।७१ को वार्षिक प्रगति समिक्षा कार्यक्रममा आमन्त्रण गरिएका क्षेत्रिय पार्टी प्रतिनिधी, नगरस्तरका पार्टी प्रमुख एवं प्रतिनिधी, उद्योग वाणिज्य संघ, नागरिक समाज, बुद्धिजीवी, पत्रकार, विभिन्न उच्च मा. वि. मा. वि. का प्राचार्य एवं व्यवस्थापन समितिका अध्यक्ष, सामाजिक संघ संस्था प्रमुख एवं न. पा. मा आवद्ध योजनास्तरका निर्माण उपभोक्ता समितिका पदाधिकारीहरु लगायत ११८ जना सहभागीहरुको उपस्थितीमा उक्त वार्षिक प्रगति समिक्षा कार्यक्रममा विभिन्न क्षेत्रका व्यक्तित्वहरुले न. पा. बाट प्रस्तुत प्रगति विवरण तथा नगरको गतिविधी लगायत न. पा. ले आगामी वर्षहरुमा निरन्तरता एवं उच्च प्राथमिकता दिनुपर्ने भनी विभिन्न क्षेत्रसंग सम्बन्धित निम्नानुसार सुझावहरु प्राप्त भयो ।

भेलाबाट प्राप्त सुझावहरु:

१. सामाजिक विकासको वजेट रकम खर्च गर्दा परामर्शदाता मार्फत खर्च गर्नुपर्ने ।

२ परामर्शदाता छनौट गर्दा निष्पक्षत भएन सो सुधार गर्नुपर्ने ।

३ योजना छनौट मात्र गरेर भएन कार्यान्वयन समेत हुनु पर्‍यो ।

४. सार्वजनिक जग्गाको संरक्षण र सदुपयोग गर्नुपर्ने ।

५ टिकौली देखि खोलाको किनारबाट सौराहा जाने बाटो निर्माण गर्नुपर्ने जस्ले न. पा. लाई पर्यटन शुल्क मार्फत आम्दानी प्राप्त गर्नुपर्ने ।

६ राजश्व फाँफँडको रकम उपयुक्त रुपमा गर्न आवश्यक पहल गर्नुपर्ने ।

७ न. पा. भित्र रहेका खोलानालाबाट प्राप्त हुने ढुंगा, गिटी, बालुवा सरल रुपमा नगरवासीले पाउने व्यवस्थाको लागि सम्बन्धित निकायमा पहल गर्नुपर्ने ।

८ न. पा. परिसरभित्र रहेको भवनलाई सभा हलमा पुनः निर्माणमा विनियोजन गरिएको रकम किन खर्च गरिएन ?

९ सवारी साधनको उचित व्यवस्थापन गरिनुपर्ने ।

१० फलफुल तथा तरकारी बजारको उचित व्यवस्थापन गरिनुपर्ने ।

११ बकुलहर जयमंगला सडक भित्र कल्याणटोल जाने बाटो दुरसंचार रोड पुनः निर्माण गर्नु पर्ने ।

१२ बकुलहर चोकलाई व्यवस्थित गरिनुपर्ने ।

१३ व्यवसायिक पशुपालक कृषकहरु लाभान्वित हुने कार्यक्रमहरु संचालन गरिनुपर्ने ।

१४ प्रशासनिक खर्चको सिमा पालना गरिनुपर्ने ।

१५ भुस्याहा कुकुर नियन्त्रणका लागि आवश्यक पहल गरिनुपर्ने ।

१६ नयाँ संरचना निर्माण गर्दा पुराना संरचना ध्वस्त पार्न नहुने । हाल बजार व्यवस्थापनको सन्दर्भमा टेलिफोनको वायर तथा पोल बारम्वार भत्काउने र उखेल्ने कार्यले गर्दा दुरसंचार अवरुद्ध भई समस्या भएकोले आगामी दिनमा यसतर्फ ध्यान दिनुपर्ने ।

१७ दलितमुखी तथा विपन्न एवं पिछडिएका वर्गहरुका लागि कार्यक्रमहरु ल्याउनु पर्ने ।

१८ बालबालिका क्षेत्रमा शिक्षाका कार्यक्रम ल्याउनु पर्ने र बालहिंसा रोक्न आवश्यक पहल ठोस तथा बालबालिका क्षमता विकासमा टेवा पुग्ने कार्यक्रम ल्याउनुपर्‍यो ।

१९ सरकारी कार्यालयका प्रतिनिधीहरुको मासिकरुपमा समन्वयात्मक बैठक बस्ने व्यवस्था मिलाउनु पर्ने ।

२० फोहोरमैला व्यवस्थापनको लागि आवश्यक रणनीति तयार गर्नुपर्ने ।

२१ चक्रपथको नक्सांकन गरिनुपर्ने ।

२२ कृषि र पर्यटनको विकास न. पा. को मूल नारा भएकाले वजेट तथा कार्यक्रम सोही मुताविक हुनुपर्ने ।

२३ वजेट विनियोजन गरे अनुसारका योजनाहरु कार्यान्वयन भएन यसलाई सुधार गर्नुपर्‍यो ।

२४ बजेट विनियोजनको सीमा नाघेर काम गर्नु भएन ।
२५ भुक्तानी समयमा दिने व्यवस्था मिलाउनु पर्ने ।
२६ शिक्षा क्षेत्रमा बजेट छुट्ट्याउनु पर्ने र विनियोजित रकम निकासा गरिनु पर्ने ।
२७ नगरपालिका र सामुदायिक वनको साझेदारीमा पूर्वाधान विकास तथा निर्माणमा बृद्धि गरिनुपर्ने ।
२९ नगरको आन्तरिक आय बृद्धिमा पहल गर्नु पर्ने ।
३० सार्वजनिक जग्गाको पहिचान र संरक्षणमा जोड दिईनु पर्ने ।
३१ प्रशासनिक खर्चमा न्यूनिकरण गरिनु पर्ने ।
३२ लक्षित समुदायमा योजना संचालन गर्न व्यापकता ल्याईनु पर्ने ।
३३ कृषि पर्यटन विकास र विस्तारमा पहल गर्नुपर्ने ।
३४ न. पा. को सुरक्षा विकास र विस्तार गरिनुपर्ने ।
३५ बालविकासका लागि बालविकास योजना निर्माण तथा बालबालिकाको सहभागितामा अभिबृद्धि गरिनुपर्ने ।
३६ सेवाप्रदायक संस्था छनौट गर्दा निष्पक्षता हुनु पर्ने ।
३७ सामाजिक कार्यको अनुगमन, सुपरिवेक्षण तथा मुल्यांकन र कार्यान्वयन हुनुपर्ने ।
३८ नगरमा बाटो, विधुत, टेलिफोन लगायतका सुविधाहरु व्यवस्थित गरिनुपर्ने ।
३९ हरित रिङरोड निमार्ण हुनु पर्ने ।
४० कृषि विमा रकम बृद्धि गरिनु पर्ने ।
४० घरजग्गा रजिष्ट्रेसन राजश्वमा न. पा. को निगरानी हुनु पर्ने ।
४१ खोला तटवन्धन कार्यमा सामुदायिक वनसंग समन्वयकारी ढंगले गरिनुपर्ने ।
४२ नगरपालिकाको चिनारी देखिने स्तम्भ निर्माण गरिनुपर्ने ।
४३ न. पा. सभा हल निर्माणमा विनियोजित रकम सदुपयोग हुनु पर्ने ।
४४ न. पा. का. सवारी साधनहरु नियन्त्रित रुपमा संचालन गरिनुपर्ने ।
४५ न. पा. फलफुल तथा तरकारी बजारलाई प्रवर्द्धन तथा व्यवस्थित गर्नुपर्ने ।
४६ न. पा. को टांडी बजार तथा बकुलहर चोक बजारलाई व्यवस्थित गर्नु पर्ने ।
४७ फोर - लेन सडक निर्माण बारे जनताहरुलाई जानकारी गराईनुपर्ने ।
४८ विभिन्न स्थानहरुमा सडक पुन निर्माण तथा उच्च स्तरिय ग्रावेल गरी बाटो व्यवस्थित गरिनुपर्ने ।

उपस्थित महानुभावहरुबाट प्राप्त भएको माथि उल्लेखित सुझाव तथा मागहरुको बारेमा सम्वोधन गर्दै नगर प्रमुख एवं कार्यकारी अधिकृत तथा कार्यक्रमका सभापति ज्यूबाट सुझाव तथा मागहरुलाई आगामी दिनमा नगरपालिकाको वार्षिक वजेट निती तथा कार्यक्रममा क्रमशः समायोजन गर्ने तथा नीतिगतरुपमा अवलम्वन गर्दै जाने प्रतिवद्धता सहित कार्यक्रम समापन गरियो ।

मिति २०७१।०५।२३ गते सम्पन्न यस न. पा. को आ. व. २०७०।७१ को वार्षिक प्रगति समिक्षा कार्यक्रममा आमन्त्रण गरिएका क्षेत्रिय पार्टी प्रतिनिधी, नगरस्तरका पार्टी प्रमुख एवं प्रतिनिधी, विभिन्न उच्च मा. वि. मा. वि. का प्राचार्य एवं व्यवस्थापन समितिका अध्यक्ष, सामाजिक संघ संस्था प्रमुख एवं न. पा. मा आवद्ध योजनास्तरका निर्माण उपभोक्ता समितिका पदाधिकारीहरु समेतका व्यक्तित्वहरुले न. पा. बाट प्रस्तुत प्रगति विवरण तथा नगरको गतिविधी लगायत न. पा. ले आगामी वर्षहरुमा निरन्तरता एवं उच्च प्राथमिकता दिनुपर्ने विभिन्न क्षेत्रहरुको बारेमा सुझाव दिईयो ।

भेलाबाट प्राप्त सुझावहरु:

१. सामाजिक विकासको वजेट रकम खर्च गर्दा परामर्शदाता मार्फत खर्च गर्नुपर्ने ।

२ परामर्शदाता छनौट गर्दा निष्पक्षत भएन सो सुधार गर्नुपर्ने ।

३ योजना छनौट मात्र गरेर भएन कार्यान्वयन समेत हुनु पर्‍यो ।

४. सार्वजनिक जग्गाको संरक्षण र सदुपयोग गर्नुपर्ने ।

५ टिकौली देखि खोलाको किनारबाट सौराहा जाने बाटो निर्माण गर्नुपर्ने जस्ले न. पा. लाई पर्यटन शुल्क मार्फत आम्दानी प्राप्त गर्नुपर्ने ।

६ राजश्व फाँफँडको रकम उपयुक्त रुपमा गर्न आवश्यक पहल गर्नुपर्ने ।

७ न. पा. भित्र रहेका खोलानालाबाट प्राप्त हुने ढुंगा, गिटी, बालुवा सरल रुपमा नगरवासीले पाउने व्यवस्थाको लागि सम्बन्धित निकायमा पहल गर्नुपर्ने ।

८ न. पा. परिसरभित्र रहेको भवनलाई सभा हलमा पुनः निर्माणमा विनियोजन गरिएको रकम किन खर्च गरिनुपर्ने ।

९ सवारी साधनको उचित व्यवस्थापन गरिनुपर्ने ।

१० फलफुल तथा तरकारी बजारको उचित व्यवस्थापन गरिनुपर्ने ।

११ बकुलहर जयमंगला सडक भित्र कल्याणटोल जाने बाटो दुरसंचार रोड पुनः निर्माण गर्नु पर्ने ।

१२ बकुलहर चोकलाई व्यवस्थित गरिनुपर्ने ।

१३ व्यवसायिक पशुपालक कृषकहरु लाभान्वित हुने कार्यक्रमहरु संचालन गरिनुपर्ने ।

१४ प्रशासनिक खर्चको सिमा पालना गरिनुपर्ने ।

१५ भुस्याहा कुकुर नियन्त्रणका लागि आवश्यक पहल गरिनुपर्ने ।

१६ नयाँ संरचना निर्माण गर्दा पुराना संरचना ध्वस्त पार्न नहुने । हाल बजार व्यवस्थापनको सन्दर्भमा टेलिफोनको वायर तथा पोल बारम्वार भत्काउने र उखेल्ने कार्यले गर्दा दुरसंचार अवरुद्ध भई समस्या भएकोले आगामी दिनमा यसतर्फ ध्यान दिनुपर्ने ।

१७ दलितमुखी तथा विपन्न एवं पिछडिएका वर्गहरुका लागि कार्यक्रमहरु ल्याउनु पर्ने ।

१८ बालबालिका क्षेत्रमा शिक्षाका कार्यक्रम ल्याउनु पर्ने र बालहिंसा रोक्न आवश्यक पहल ठोस तथा बालबालिका क्षमता विकासमा टेवा पुग्ने कार्यक्रम ल्याउनुपर्‍यो ।

१९ सरकारी कार्यालयका प्रतिनिधीहरुको मासिकरुपमा समन्वयात्मक बैठक बस्ने व्यवस्था मिलाउनु पर्ने ।

२० फोहोरमैला व्यवस्थापनको लागि आवश्यक रणनीति तयार गर्नुपर्ने ।

२१ चक्रपथको नक्सांकन गरिनुपर्ने ।

२२ कृषि र पर्यटनको विकास न. पा. को मूल नारा भएकाले वजेट तथा कार्यक्रम सोही मुताविक हुनुपर्ने ।

२३ वजेट विनियोजन गरे अनुसारका योजनाहरु कार्यान्वयन भएन यसलाई सुधार गर्नुपर्‍यो ।

२४ बजेट विनियोजनको सीमा नाघेर काम गर्नु भएन ।

२५ भुक्तानी समयमा दिने व्यवस्था मिलाउनु पर्ने ।

२६ शिक्षा क्षेत्रमा बजेट छुट्टयाउनु पर्ने र विनियोजित रकम निकासा गरिनु पर्ने ।

२७ नगरपालिका र सामुदायिक वनको साझेदारीमा पूर्वाधान विकास तथा निर्माणमा बृद्धि गरिनुपर्ने ।

२९ नगरको आन्तरिक आय बृद्धिमा पहल गर्नु पर्ने ।

३० सार्वजनिक जग्गाको पहिचान र संरक्षणमा जोड दिईनु पर्ने ।

३१ प्रशासनिक खर्चमा न्यूनिकरण गरिनु पर्ने ।

३२ लक्षित समुदायमा योजना संचालन गर्न व्यापकता ल्याईनु पर्ने ।

३३ कृषि पर्यटन विकास र विस्तारमा पहल गर्नुपर्ने ।

३४ न. पा. को सुरक्षा विकास र विस्तार गरिनुपर्ने ।

३५ बालविकासका लागि बालविकास योजना निर्माण तथा बालबालिकाको सहभागितामा अभिबृद्धि गरिनुपर्ने ।

३६ भुस्याहा कुकुर नियन्त्रण गरिनु पर्ने ।

३७ सेवाप्रदायक संस्था छनौट गर्दा निष्पक्षता हुनु पर्ने ।

३८ सामाजिक कार्यको अनुगमन, सुपरिवेक्षण तथा मुल्यांकन र कार्यान्वयन हुनुपर्ने ।

३९ नगरमा बाटो, विधुत, टेलिफोन लगायतका सुविधाहरु व्यवस्थित गरिनुपर्ने ।

४० हरित रिङरोड निमार्ण हुनु पर्ने ।

४१ कृषि विमा रकम बृद्धि गरिनु पर्ने ।

४२ घरजग्गा रजिष्ट्रेसन राजश्वमा न. पा. को निगरानी हुनु पर्ने ।

४३ खोला तटवन्धन कार्यमा सामुदायिक वनसंग समन्वयकारी ढंगले गरिनुपर्ने ।

४४ नगरपालिकाको चिनारी देखिने स्तम्भ निर्माण गरिनुपर्ने ।

४५ न. पा. सभा हल निर्माणमा विनियोजित रकम सदुपयोग हुनु पर्ने ।

४६ न. पा. का. सवारी साधनहरु नियन्त्रित रुपमा संचालन गरिनुपर्ने ।

४७ न. पा. फलफुल तथा तरकारी बजारलाई प्रवर्द्धन तथा व्यवस्थित गर्नुपर्ने ।

४८ न. पा. को टांडी बजार तथा बकुलहर चोक बजारलाई व्यवस्थित गर्नु पर्ने ।

४९ फोर - लेन सडक निर्माण बारे जनताहरुलाई जानकारी गराईनुपर्ने ।

५० विभिन्न स्थानहरुमा सडक पुन निर्माण तथा उच्च स्तरिय ग्रावेल गरी बाटो व्यवस्थित गरिनुपर्ने ।

उपस्थित महानुभावहरुबाट प्राप्त भएको माथि उल्लेखित सुझाव तथा मागहरुको बारेमा सम्वोधन गर्दै नगर प्रमुख एवं कार्यकारी अधिकृत तथा कार्यक्रमका सभापति ज्यूबाट सुझाव तथा मागहरुलाई आगामी दिनमा नगरपालिकाको वार्षिक वजेट निती तथा कार्यक्रममा क्रमशः समायोजन गर्ने तथा नीतिगतरुपमा अवलम्वन गर्दै जाने प्रतिवद्धता सहित कार्यक्रम समापन गरियो ।